# वार्षिक कार्यक्रम कार्यान्वयन मार्गदर्शन पुस्तिका
# आ.ब. २०८३/०८४

मानननीय मन्त्रीस्तरको मिति २०८३/०५/०९ गतेको निर्णय अनुसार स्वीकृत

(ब.उ.शी.नं.३५०००११३)

सामाजिक विकास मन्त्रालय

## सामाजिक विकास महाशाखा

कोशी प्रदेश, विराटनगर।

आ.ब. २०८३/०८४ मा सामाजिक विकास महाशाखाबाट सञ्चालन हुने कार्यक्रमहरू

| क्र. सं. | आयोजना / कार्यक्रम | बजेट |
|---|---|---|
| १ | मानव बेचविखन विरुद्धको दिवस | २०० |
| २ | अल्पकालीन आश्रयस्थलहरुको समिक्षा कार्यक्रम | ३०० |
| ३ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको पहिचान विश्लेषण र प्रतिवेदन तयारीका लागि स्थानीय तहको जेसी फोकल पर्सनहरुको प्रादेशिक सम्मेलन । | ५०० |
| ४ | अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस | १०० |
| ५ | राष्ट्रिय ज्येष्ठ नागरिक दिवस | २०० |
| ६ | राष्ट्रिय बाल दिवस | २०० |
| ७ | अन्तर्राष्ट्रिय महिला दिवस | २०० |
| ८ | राष्ट्रिय महिला अधिकार दिवस | १०० |
| ९ | महिला हिंसा विरुद्धको १६ दिने अभियान | २०० |

## १. मानव बेचविखन विरुद्धको दिवस कार्यक्रम

| बजेट उपशीर्षक नं. | खर्च शीर्षक नं. | PLMBIS CODE | परिमाण | एकाइ | बजेट रू (हजारमा) | समयावधि |
|---|---|---|---|---|---|---|
| ३५०००००११३ | २२५२२ | २.५.११.२४५ | १ | वटा | २०० | पहिलो |

| विषयक्षेत्र | विवरण |
|---|---|
| पृष्ठभूमि | मानव बेचबिखन तथा ओसारपसार आधुनिक समाजको एक गम्भीर अपराध, मानव अधिकारको चरम उल्लङ्घन र सामाजिक कलंकको रूपमा रहेको छ। प्रविधिको विकास र वैदेशिक रोजगारको बढ्दो आकर्षणसँगै बेचबिखनका स्वरूप र शैलीहरू अझ जटिल र सूक्ष्म बन्दै गएका छन्। विशेष गरी महिला, बालबालिका तथा पछाडि पारिएका समुदायहरू यसको उच्च जोखिममा पर्दै आएका छन्। नेपालले मानव बेचबिखन विरुद्ध अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धताहरू तथा राष्ट्रिय कानूनको कार्यान्वयन गर्दै समाजमा व्यापक सचेतना अभिवृद्धि गर्नु आजको मुख्य आवश्यकता हो।<br><br>नेपालमा हरेक वर्ष भदौ २० गतेलाई **"राष्ट्रिय मानव बेचबिखन विरुद्धको दिवस"** को रूपमा विभिन्न सचेतनामूलक कार्यक्रमहरू आयोजना गरी मनाउने गरिन्छ। यसै सन्दर्भमा, कोशी प्रदेश भित्र मानव बेचबिखन तथा ओसारपसार रोकथाम, नियन्त्रण र सचेतना अभिवृद्धिका लागि स्थानीयतहरु, नागरिक समाज, सुरक्षा निकाय र सरोकारवाला निकायहरूसँगको समन्वय र सहकार्यमा प्रदेश स्तरीय दिवस भव्यताका साथ मनाउने तथा सचेतनामूलक गतिविधिहरू सञ्चालन गर्ने उद्देश्यले सामाजिक विकास मन्त्रालयबाट रकम विनियोजन गरी यो कार्यक्रम सञ्चालन गर्न लागिएको हो। |
| उद्देश्य | • मानव बेचविखन जस्तो जघन्य अपराधप्रति जनचेतना अभिवृद्धि गर्नु ।<br>• सरोकारवाला निकायहरूको भूमिकालाई प्रभावकारी बनाउदै र यसका विरुद्ध समाजमा सामूहिक प्रतिरोधात्मक क्षमता विकास गर्नु । |
| कार्यान्वयन/सञ्चालन प्रक्रिया | स्थानीय तह ,सरोकारवाला संघ-संस्था, नागरिक समाज र सरोकारवालाहरूसँगको साझेदारीमा कार्यक्रमहरु सञ्चालन गर्ने। |
| सम्बद्ध निकाय | • सामाजिक विकास मन्त्रालय , सामाजिक विकास महाशाखा । |
| कार्यान्वयन/ प्रगतिसूचक | • अनुगमन प्रतिवेदन<br>• कार्यक्रम सम्पन्न प्रतिवेदन |
| अपेक्षित उपलब्धि | • समाजमा मानव बेचबिखनका नयाँ रूप, जोखिम र यसबाट जोगिने उपायहरूबारे व्यापक सचेतना भएको हुने ।<br>• राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयन गर्न टेवा पुगेको हुनेछ। |

२. अल्पकालीन आश्रयस्थलहरुको समीक्षा कार्यक्रम

| बजेट उपशीर्षक नं. | खर्च शीर्षक नं. | PLMBIS CODE | परिमाण | एकाइ | बजेट रू (हजारमा) | समयावधि |
|---|---|---|---|---|---|---|
| ३५०००११३ | २२५२२ | २.५.११.२५१ | १ | पटक | २४०० | तेस्रो र चौंथो |

| विषयक्षेत्र | विवरण |
|---|---|
| पृष्ठभूमि | लैङ्गिक हिंसा पीडित/प्रभावित महिला तथा किशोरीहरूलाई तत्काल सुरक्षा, आपत्कालीन बासस्थान, मनोसामाजिक परामर्श, कानूनी सहायता र स्वास्थ्य सेवा प्रदान गर्न अल्पकालीन आश्रयस्थलहरूले महत्त्वपूर्ण भूमिका खेल्दै आएका छन्। कोशी प्रदेशका विभिन्न स्थानीय तहहरू तथा गैरसरकारी/स्थानीय संघ-संस्थाको अग्रसरता र सहकार्यमा यस्ता आश्रयस्थलहरू सञ्चालन भइरहेका छन्।<br><br>यी आश्रयस्थलहरूको सेवाको गुणस्तर, व्यवस्थापकीय क्षमता, स्रोत-साधनको उपयोग तथा देखिएका व्यावहारिक चुनौतीहरूको लेखाजोखा गरी आगामी रणनीति तय गर्न आवधिक समीक्षा आवश्यक हुन्छ। यसै सन्दर्भमा, प्रदेशभर सञ्चालित आश्रयस्थलहरूको सेवा प्रवाहमा एकरुपता ल्याउन, अनुभव आदान-प्रदान गर्न, समन्वय सुदृढ बनाउन र अल्पकालीन आश्रयस्थलको दिगो सञ्चालन सुनिश्चित गर्नका लागि यो वार्षिक समीक्षा कार्यक्रमको व्यवस्था गरिएको हो। |
| उद्देश्य | १)अल्पकालीन आश्रयस्थलहरूले वर्षभरि प्रदान गरेका सेवाहरू (बासस्थान, खाना, मनोसामाजिक परामर्श, कानूनी तथा स्वास्थ्य सहायता आदि) को प्रभावकारिता र पहुँचको समीक्षा गर्नु।<br><br>२)आश्रयस्थल सञ्चालनका क्रममा हासिल भएका उत्कृष्ट अभ्यासहरू (Best Practices), समस्या, चुनौती र सिकाइहरूको पहिचान तथा विश्लेषण गर्नु।<br><br>३) न्यूनतम मापदण्ड अनुसार आश्रयस्थलहरूको भौतिक पूर्वाधार, जनशक्ति र सेवाको गुणस्तर अभिवृद्धि गर्न आवश्यक सुधारका क्षेत्रहरू पहिल्याउनु। |
| कार्यान्वयन/सञ्चालन प्रक्रिया | • कोशी प्रदेशमा क्रियाशील सामाजिक संस्थाहरुले सञ्चालन गरिरहेका र स्थानीय तहहरुले सञ्चालन गरेका सेफहाउँसका सञ्चालकहरु एवं सम्बन्धित स्थानीय तहका उपप्रमुखहरु एवं सम्बन्धित स्थानीयतहका महिला तथा बालबालिका शाखाका प्रमुखहरु सहितको २ दिने अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गर्ने । |
| सम्बद्ध निकाय | • सामाजिक विकास मन्त्रालय, सामाजिक विकास महाशाखा |
| कार्यान्वयन/प्रगतिसूचक | • सहभागीहरूको हाजिरी, समीक्षा प्रतिवेदन तथा फोटोहरू । |
| अपेक्षित उपलब्धि | • आश्रयस्थल सञ्चालनका क्रममा देखिएका समाधानमा सहयोग पुगेको हुने ।<br>• सफल अभ्यासहरूलाई (Best Practices) अन्य आश्रयस्थलहरूमा पनि विस्तार |

| | |
|---|---|
| | गर्न सहज हुनेछ।<br>• आश्रयस्थलहरू न्यूनतम मापदण्ड सञ्चालन हुन सहयोग पुगेको हुने । |

३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको पहिचान विश्लेषण र प्रतिवेदन तयारीका लागि स्थानीय तहको जेसी फोकल पर्सनहरुको प्रादेशिक सम्मेलन कार्यक्रम।

| बजेट उपशीर्षक नं. | खर्च शीर्षक नं. | PLMBIS CODE | परिमाण | एकाइ | बजेट रू (हजारमा) | समयावधि |
|---|---|---|---|---|---|---|
| ३५००००११३ | २२५२२ | २.५.११.२५० | १ | पटक | ५०० | दोस्रो |

| विषयक्षेत्र | विवरण |
|---|---|
| पृष्ठभूमि | नेपालको संविधानले सम्पूर्ण नागरिकका लागि समानता, सामाजिक न्याय र समावेशी शासन प्रणालीको सुनिश्चितता गरेको छ। **स्थानीय सरकार सञ्चालन ऐन,** २०७४ को दफा २४ अनुसार स्थानीय तहहरूले योजना, नीति तथा बजेट तर्जुमा गर्दा लैङ्गिक समानता, बालमैत्री वातावरण तथा सामाजिक समावेशीकरणलाई अनिवार्य रूपमा ध्यान दिनुपर्ने कानुनी व्यवस्था छ।<br><br>यसै सन्दर्भमा, स्थानीय तहहरूमा GESI मूलप्रवाहीकरण गर्न, योजना तर्जुमा तथा कार्यान्वयनमा लक्षित वर्गको अर्थपूर्ण सहभागिता गराउन र सेवा प्रवाहलाई समावेशी बनाउन प्रत्येक स्थानीय तहमा **GESI/लैससास फोकल पर्सन** को व्यवस्था रहेको छ। तर, स्थानीय तहमा रहेका फोकल पर्सनहरूका सामु **GESI पहिचान, अवस्था विश्लेषण (GESI Audit/Analysis), योजनामा समावेशीकरण र प्रतिवेदन तयारी (Reporting)** जस्ता प्राविधिक विषयमा ज्ञान र सीपको कमी, तथ्यांक सङ्कलनमा कठिनाइ तथा अन्तर-शाखा समन्वयमा चुनौतीहरू कायमै छन्। यी चुनौतीलाई सम्बोधन गर्न र प्रादेशिक समन्वय सुदृढ गर्न प्रदेश स्तरिय सम्मेलनको कार्यक्रम स्वीकृत रहेको छ। |
| उद्देश्य | • स्थानीय तहका नीति, बजेट तथा कार्यक्रमहरूमा विद्यमान लैङ्गिक विभेद, सामाजिक असमानता र पहुँचका बाधाहरू पहिचान गर्ने र GESI परीक्षण GESI Audit सम्बन्धी व्यावहारिक अभ्यास गराउनु।<br>• स्थानीय तहका योजना तथा कार्यक्रमबाट महिला, दलित, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत र अल्पसङ्ख्यक समुदायमा परेको प्रभावको **खण्डीकृत तथ्यांक (Disaggregated Data)** सङ्कलन, विश्लेषण र स्तरीय प्रतिवेदन तयार गर्ने तरिकाबारे स्पष्ट पार्नु।<br>• प्रदेशभित्रका विभिन्न स्थानीय तहका फोकल पर्सनहरूबीच GESI mainstreaming सम्बन्धी उत्कृष्ट अभ्यासहरू (Best Practices), अनुभवहरु आदान प्रदान गर्नु। |
| कार्यान्वयन/सञ्चालन | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कोशी प्रदेशको PSP कार्यक्रम संग सहकार्य गरी कोशी प्रदेशका १३७ वटै स्थानीय तहहरुका GESI फोकल पर्सन/ महिला तथा बालबालिका शाखा प्रमुखहरुलाई कार्यक्रम सञ्चालन गर्ने। |

| | |
|---|---|
| प्रक्रिया | |
| सम्बद्ध निकाय | • सामाजिक विकास मन्त्रालय, सामाजिक विकास महाशाखा |
| कार्यान्वयन/ प्रगतिसूचक | • कार्यक्रम सम्पन्न प्रतिवेदन |
| अपेक्षित उपलब्धि | यो कार्यक्रमबाट महिला, दलित, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत र अल्पसङ्ख्यक समुदायमा परेको प्रभावको **खण्डीकृत तथ्यांक (Disaggregated Data)** सङ्कलन, विश्लेषण सहितको प्रतिवेदन तयार हुने छ। |

४. अन्तराष्ट्रिय ज्येष्ठ नागरिक दिवस कार्यक्रम

| बजेट उपशीर्षक नं. | खर्च शीर्षक नं. | PLMBIS CODE | परिमाण | एकाइ | बजेट रू (हजारमा) | समयावधि |
|---|---|---|---|---|---|---|
| ३५०००० ११३ | २२५२२ | २.५.११.२४८ | १ | वटा | २०० | पहिलो |

| विषयक्षेत्र | विवरण |
|---|---|
| पृष्ठभूमि | संयुक्त राष्ट्रसङ्घको साधारण सभाले सन् १९९० डिसेम्बर १४ का दिन प्रस्ताव नम्बर ४५/१०६ (Resolution 45/106) पारित गर्दै प्रत्येक वर्ष अक्टोबर १ लाई 'अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस'का रूपमा मनाउने निर्णय गरेबमोजिम सन् १९९१ देखि यो दिवस विश्वभर मनाइँदै आइएको छ। नेपालमा पनि ज्येष्ठ नागरिकहरूप्रति सम्मान प्रकट गर्दै विभिन्न चेतनामूलक कार्यक्रमका साथ यो दिवस मनाउने गरिन्छ।<br><br>सोही अन्तर्राष्ट्रिय भावनालाई आत्मसात् गर्दै कोशी प्रदेश सरकारले पनि ज्येष्ठ नागरिकहरूले समाज र राष्ट्र निर्माणमा पुऱ्याएको योगदानको कदर तथा सम्मान व्यक्त गर्न बजेट विनियोजन गरी वार्षिक रूपमा कार्यक्रम तय गर्दै आएको छ। |
| उद्देश्य | • समाजमा उमेरका आधारमा हुने विभेद (*Ageism*) र ज्येष्ठ नागरिकमाथि हुने दुर्व्यवहार रोक्न जनचेतना जगाउनु<br>• ज्येष्ठ नागरिकहरूसँग रहेको असीमित अनुभव, ज्ञान र सिपलाई नयाँ पुस्तासम्म पुस्तान्तरण गर्दै सामाजिक रुपान्तरणमा सहयोग पुर्याउनु । |
| कार्यान्वयन प्रक्रिया | स्थानीयतहहरु ,प्रदेशस्तरीय ज्येष्ठ नागरिक महासंघ तथा अन्य सरोकारवाला संघ-संस्थासँग सहकार्य गरी कार्यक्रमहरु सञ्चालन गर्ने। |
| सम्बद्ध निकाय | सामाजिक विकास मन्त्रालय, सामाजिक विकास महाशाखा |
| प्रगति सूचक | • अनुगमन प्रतिवेदन<br>• कार्यक्रम सम्पन्न प्रतिवेदन |
| अपेक्षित उपलब्धि | • ज्येष्ठ नागरिक प्रति परिवार र समाजको दृष्टिकोणमा सकारात्मक परिवर्तन भएको हुने।<br>• अन्तराष्ट्रिय प्रतिवद्धताको कार्यान्वयन भएको हुने । |

५ राष्ट्रिय ज्येष्ठ नागरिक दिवस कार्यक्रम

| बजेट उपशीर्षक नं. | खर्च शीर्षक नं. | PLMBIS CODE | परिमाण | एकाइ | बजेट रू (हजारमा) | समयावधि |
|---|---|---|---|---|---|---|
| ३५०००० ११३ | २२५२२ | २.५.११.२४७ | १ | वटा | २०० | दोस्रो |

| विषयक्षेत्र | विवरण |
|---|---|
| पृष्ठभूमि | वि.सं. २०५१ पौष ११ गते सामाजिक सुरक्षा भत्ताको थालनी भएको ऐतिहासिक दिनको सम्झना र कदर गर्दै नेपाल सरकारले वि.सं. २०७८ मा हरेक वर्ष पौष ११ गतेलाई 'राष्ट्रिय ज्येष्ठ नागरिक दिवस'का रूपमा मनाउने निर्णय गरेको हो। सोही निर्णयअनुसार प्रत्येक वर्ष पौष ११ गते 'राष्ट्रिय ज्येष्ठ नागरिक दिवस' मनाउने कार्यक्रम रहँदै आएको छ। |
| उद्देश्य | • समाज, राष्ट्र र परिवार निर्माणमा ज्येष्ठ नागरिकहरूले आफ्नो जीवनभर पुऱ्याएको योगदान, अनुभव र ज्ञानको उच्च मूल्याङ्कन तथा सम्मान गर्नु। |
| कार्यान्वयन प्रक्रिया | प्रदेशस्तरीय ज्येष्ठ नागरिक संघ संस्थाहरु तथा सरोकारवाला संघ-संस्थासँग सहकार्य गरी , नागरिक समाज र सरोकारवालाहरू तथा स्थानीयतहहरु सँगको साझेदारीमा कार्यक्रमहरु सञ्चालन गर्ने। |
| सम्बद्ध निकाय | सामाजिक विकास मन्त्रालय ,सामाजिक विकास महाशाखा । |
| प्रगति सूचक | • अनुगमन प्रतिवेदन /कार्यक्रम सम्पन्न प्रतिवेदन |
| अपेक्षित उपलब्धि | राष्ट्रिय रूपमै यो दिवस मनाउनाले ज्येष्ठ नागरिकहरू प्रति राज्यबाट उच्च सम्मान मर्यादा र मर्यादामा जोड दिईएको हुने छ । |

६ राष्ट्रिय बाल दिवस कार्यक्रम

| बजेट उपशीर्षक नं. | खर्च शीर्षक नं. | **PLMBIS CODE** | लक्ष्य | इकाई | बजेट (रु. हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०००००११३ | २२५२२ | २.५.११.२४६ | १ | पटक | २०० | पहिलो |

| विषयक्षेत्र | विवरण |
|---|---|
| पृष्ठभूमि | नेपालले सन् १९९० सेप्टेम्बर १४ (वि.सं. २०४७ भदौ २९) मा बाल अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिलाई अनुमोदन गरेको थियो। सोही ऐतिहासिक दिनको सम्झनामा वि.सं. २०६३ साल देखि भदौ २९ गतेलाई राष्ट्रिय बाल दिवसका रूपमा मनाउन थालिएको हो। बालबालिकाको हक, अधिकार, संरक्षण, पोषण, र शिक्षाको सुनिश्चितताका लागि जनचेतना फैलाउन यो दिवस कार्यक्रम मनाउनका लागि राष्ट्रिय बाल दिवश मनाउने शीर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | • बालबालिकाको अधिकार संरक्षणमा सरोकारवालाबीच ऐक्यबद्धता कायम गर्नु।<br>• बाल अधिकारको बिषयमा समाजमा जनचेतना फैलाई बाल अधिकारको संरक्षण गर्नु । |
| कार्यान्वयन प्रक्रिया | स्थानीयतह बाल बालिकाको क्षेत्रका क्रियाशिल संघ संस्थाहरु तथा सरोकारवाला हरुसँग सहकार्य गरी साझेदारीमा कार्यक्रमहरु सञ्चालन गर्ने। |
| सम्बद्ध निकाय | सामाजिक विकास मन्त्रालय, प्रदेश बाल अधिकार समिति, सामाजिक विकास महाशाखा। |
| प्रगति सूचक | अनुगमन प्रतिवेदन |
| अपेक्षित उपलब्धि | • बालबालिकाको विषयमा एकजुट हुन सबै सरोकारवाला पक्षहरु ऐक्यबद्ध भएका हुनेछन्।<br>• राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयन गर्न टेवा पुगेको हुनेछ। |

७ अन्तराष्ट्रिय महिला  दिवस कार्यक्रम

| बजेट उपशीर्षक नं. | खर्च शीर्षक नं. | PLMBIS CODE | लक्ष्य | इकाई | बजेट (रु. हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०००० ११३ | २२५२२ | २.५.११.२४२ | १ | पटक | २०० | तेस्रो |

| विषयक्षेत्र | विवरण |
|---|---|
| पृष्ठभूमि | विश्वमा लामो समयदेखि महिला अधिकारका विषयमा आवाज उठ्दै आए तापनि सन् १९७५ मा संयुक्त राष्ट्रसंघले मार्च ८ लाई आधिकारिक रूपमा 'अन्तर्राष्ट्रिय महिला दिवस' (International Women's Day) को रूपमा घोषणा गरेको हो। नेपालको सन्दर्भमा भने वि.सं. २०१६ (सन् १९५९) मा तत्कालीन प्रधानमन्त्री बीपी कोइरालाको कार्यकालदेखि नै औपचारिक रूपमा यो दिवस मनाउन थालिएको थियो। त्यसपछि वि.सं. २०३२ (सन् १९७५) मा संयुक्त राष्ट्रसंघले 'अन्तर्राष्ट्रिय महिला वर्ष' मनाएपछि नेपालले पनि प्रत्येक वर्ष मार्च ८ (फागुन २४ गतेतिर) का दिन यसलाई आधिकारिक तथा व्यापक रूपमा मनाउँदै आएको छ।<br><br>नेपाल अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरूको पक्ष राष्ट्र भएकाले सोही बमोजिमका प्रतिबद्धताहरू कार्यान्वयन गर्न तथा अन्तर्राष्ट्रिय महिला दिवसलाई भव्यताका साथ सम्पन्न गर्नका लागि यस शीर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | • महिलाको सम्बन्धित हक अधिकारको प्रचारप्रसार गर्नु।<br>• सम्बन्धित विषयको अभियानमा सबै सरोकारवाला पक्षहरुको ऐक्यबद्धता गराउनु।<br>• अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयन गर्न टेवा पुर्याउनु। । |
| कार्यान्वयन प्रक्रिया | स्थानीय तहहरु ,महिला अधिकारको क्षेत्रमा क्रियामशिल संघ-संस्थाहरु सँग सहकार्य गरी , नागरिक समाज र तथा  सरोकारवालाहरूसँगको साझेदारीमा कार्यक्रमहरु सञ्चालन गर्ने। |
| सम्बद्ध निकाय | • सामाजिक विकास मन्त्रालय/सामाजिक विकास महाशाखा |
| प्रगति सूचक | • अनुगमन प्रतिवेदन/ कार्यक्रम सम्पन्न प्रतिवेदन |
| अपेक्षित उपलब्धि | महिलामाथि हुने हिंसा, विभेद र शोषणका विरुद्ध व्यापक सचेतना अभिवृद्धि गर्दै लैङ्गिक समानता र महिला सशक्तिकरणका सन्देशहरू स्थानीय जनस्तरसम्म पुऱ्याउन मद्दत पुगेको हुने छ । |

८ राष्ट्रिय महिला अधिकार दिवस कार्यक्रम

| बजेट उपशीर्षक नं. | खर्च शीर्षक नं. | PLMBIS CODE | लक्ष्य | इकाई | बजेट (रु. हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०००० ११३ | २२५२२ | २.५.११.२४२ | १ | पटक | १०० | चोथौ |

| विषयक्षेत्र | विवरण |
|---|---|
| पृष्ठभूमि | नेपालमा जनआन्दोलन-२ (२०६२/६३) को सफलतापछि पुनर्स्थापित प्रतिनिधिसभाले वि.सं. २०६३ जेठ १६ गते नेपाली महिलाहरूको अधिकारका पक्षमा ऐतिहासिक फैसला गर्दै चारवटा विशेष सङ्कल्प प्रस्तावहरू सर्वसम्मतिले पारित गरेको थियोः<br>○ राज्यका सबै संरचना र निकायहरूमा कम्तीमा ३३ प्रतिशत महिला सहभागिता ग्यारेन्टी गर्ने।<br>○ आमाको नामबाट पनि सन्तानले नागरिकता पाउन सक्ने कानुनी व्यवस्था गर्ने।<br>○ महिलामाथि हुने विभेदकारी सम्पूर्ण कानुनी व्यवस्थाहरू संशोधन वा खारेज गर्ने।<br>○ महिलामाथि हुने सबै प्रकारका हिंसा र दुर्व्यवहार अन्त्यका लागि कडा कानुन र संयन्त्र बनाउने।<br>• सोही दिनको स्मरण गदै नेपाल सरकार (मन्त्रिपरिषद्) ले वि.सं. २०७६ जेठ १६ गतेलाई **'राष्ट्रिय महिला अधिकार दिवस'** को रूपमा मनाउने निर्णय गर्यो र तत्पश्चात प्रत्येक बर्षको जेठ १६ गते 'राष्ट्रिय महिला अधिकार दिवस' मुलुक भर मनाउन थालिएसँगै कोशी प्रदेशले समेत यस शिर्षकमा बजेट विनियोजन गरी कार्यक्रम तय गरेको हो । |
| उद्देश्य | • समाजमा विद्यमान लैङ्गिक विभेद अन्त्य गरी महिलालाई पुरुष सरह समान अधिकार, अवसर र पहुँच दिलाउन जनचेतना अभिवृद्धि गर्नु।<br>• महिला सशक्तीकरण तथा सहभागिता वृद्धि गर्दै उनीहरूमाथि हुने सबै प्रकारका हिंसा र शोषणको अन्त्य गर्नु। |
| कार्यान्वयन प्रक्रिया | स्थानीय तहहरु ,महिला अधिकारको क्षेत्रमा क्रियामशिल संघ-संस्थाहरु सँग सहकार्य गरी , नागरिक समाज र तथा सरोकारवालाहरूसँगको साझेदारीमा कार्यक्रमहरु सञ्चालन गर्ने। |

| | |
|---|---|
| | |
| **सम्बद्ध निकाय** | • सामाजिक विकास मन्त्रालय/सामाजिक विकास महाशाखा |
| **प्रगति सूचक** | • अनुगमन प्रतिवेदन / कार्यक्रम सम्पन्न प्रतिवेदन |
| **अपेक्षित उपलब्धि** | नेपाल सरकारले संवैधानिक, कानुनी तथा नीतिगत सुधारमार्फत महिलामाथि विगतदेखि हुँदै आएका विभेदका खाडलहरू पुर्न गरेका विशेष व्यवस्थाहरूबारे स्थानीय स्तरसम्म सन्देश विस्तार भई समाजमा लैङ्गिक समानता कायम गराउन सहयोग पुग्ने छ । |

९ महिला हिंसा बिरुद्धको १६ दिने अभियान कार्यक्रम

| बजेट उपशीर्षक नं. | खर्च शीर्षक नं. | PLMBIS CODE | लक्ष्य | इकाई | बजेट (रु. हजारमा) | समयावधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०००० ११३ | २२५२२ | २.७.२३.७५ | १ | पटक | २०० | दोस्रो |

| विषयक्षेत्र | विवरण |
|---|---|
| पृष्ठभूमि | लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान (16 Days of Activism against Gender-Based Violence) प्रत्येक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म विश्वभर मनाइने एउटा अन्तर्राष्ट्रिय अभियान हो। नोभेम्बर २५ (महिला हिंसा अन्त्यका लागि अन्तर्राष्ट्रिय दिवस) बाट सुरु भई डिसेम्बर १० (अन्तर्राष्ट्रिय मानव अधिकार दिवस) सम्म सञ्चालन हुने भएकाले यसलाई '१६ दिने अभियान' भनिएको हो। यस अभियानले महिला अधिकारलाई मानव अधिकारकै अभिन्न अङ्गका रूपमा स्थापित गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ। महिलामाथि हुने हिंसा केवल व्यक्तिगत वा सामाजिक विषय मात्र नभई मानव अधिकारको गम्भीर उल्लङ्घन हो भन्ने सन्देश प्रवाह गर्नु यसको मुख्य उद्देश्य हो।<br><br>नेपालमा विगतदेखि नै सरकारी तथा गैरसरकारी संघ-संस्थाहरूको सहकार्यमा यो अभियान मनाउँदै आइएकोमा प्रदेश संरचना बनेपछि स्थानीयस्तरसम्मै विभिन्न जनचेतनामूलक कार्यक्रम, गोष्ठी तथा सेमिनारहरू आयोजना गरिँदै आएका छन्। यसै महत्त्वलाई ध्यानमा राखी कोशी प्रदेश सरकारले पनि अभियान सञ्चालनका लागि बजेट विनियोजन गरी कार्यक्रम तय गरेको छ। |
| उद्देश्य | • महिला अधिकारको बिषयलाई व्यापक प्रचार प्रसार गर्नु ।<br>• महिला माथी हुने लैङ्गिक हिंसा , दुरव्यवहार र विभेद अन्त्यका लागि सामुहिक एक्यवद्धता कायम गर्नु । |
| कार्यान्वयन प्रक्रिया | स्थानीय तहहरु ,महिला अधिकारको क्षेत्रमा क्रियामशिल संघ-संस्थाहरु नागरिक समाज तथा सरोकारवालाहरूसँग सहकार्य गदै साझेदारीमा कार्यक्रमहरु सञ्चालन गर्ने। |
| सम्बद्ध निकाय | • सामाजिक विकास मन्त्रालय/सामाजिक विकास महाशाखा |
| प्रगति सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन /अनुगमन प्रतिवेदन |
| अपेक्षित उपलब्धि | • महिला हिंसालाई व्यक्तिगत मामिला नभई **'मानव अधिकारको उल्लङ्घन'** रूपमा विश्वव्यापी मान्यता दिलाउनु । |